जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४० | म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ | अंक ४२ | २०८१ साल जेठ २७ गते आइतवार (9 June 2024 Sunday) | मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** स्वास्थ्य क्षेत्रका विद्यमान ... **पृष्ठ ३ मा :** सामाजिक न्यायको कसीमा बजेट ... **पृष्ठ ५ मा :** मधेश प्रदेशमा सप्तरीबाट ... **पृष्ठ ५ मा :** राहुल गान्धी भारतको विपक्षी ...

# भ्रष्टाचार नियन्त्रणलाई साझा संकल्पका रुपमा लिएर अघि बढ्न आवश्यक : मुख्यमन्त्री सिंह



**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राखेर सरकारले काम गर्ने कुरा बताएका छन् ।

मुख्यमन्त्री नियुक्त भएकै दिन शुक्रबार राती गृहजिल्ला सप्तरी आइपुगेका उनले यस्तो बताएका हुन् ।

सरकारले अबैध गतिबिधि नियन्त्रणलाई प्राथमिकतामा राखेर काम गर्ने उल्लेख गर्दै उनले मधेशमा विगतमा उपभोक्ता समितिका नाममा भ्रष्टाचार बढेको, पैसा खाएर योजना नै विक्री गर्ने गरिएको जस्ता विकृतिप्रति जनगुनासो बढेकोले यसलाई नियन्त्रण गर्ने बताए ।

उनले सरकारको यस अभियानमा सञ्चार क्षेत्र, राजनीतिक दल लगायत सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहेको जिकिर गर्दै विगतका कमजोरीलाई मात्र कोट्याएर मधेशमा केही हुन सक्दैन भन्ने नकारात्मक कुरा मात्र प्रवाह गर्ने भन्दा पनि अब नयाँ सोचका साथ सञ्चार क्षेत्रले सकारात्मक कुरालाई पनि जनसमक्ष पुऱ्याउन जरुरी रहेको भने ।

उनले अहिले कुनै एक दलको बहुमतको सरकार नरहेको अवस्थामा मिलेर काम गर्नुको विकल्प नरहने भएकाले भ्रष्टाचार नियन्त्रणलाई साझा संकल्पका रुपमा लिएर अघि बढ्न आवश्यक रहेको औंल्याए ।

चालु आर्थिक वर्ष समाप्तिको चरणमा रहेकोले सम्पूर्ण क्याबिनेट र सचिव फुल टाईम बसेर बजेट, नीति तथा कार्यक्रम निर्माणमा लाग्ने बताए । उनले मधेश प्रदेशका एक सय ३६ वटै पालिकामा किसानका लागि एक एकवटा विशिष्ठ रुपको कृषि प्याकेजको कार्यक्रम ल्याउने जानकारी दिए ।

# नेता मण्डलले छाडे लोसपा



**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का केन्द्रिय सदस्य गजेन्द्र कुमार मण्डलले शनिबार पार्टी परित्याग गरेका छन् ।

सप्तरीको राजगढ गाउँपालिका ४ बेल्ही चपेना निवासी ४५ वर्षीय मण्डलले अध्यक्ष महन्थ ठाकुरलाई पठाएको राजिनामा पत्रमा नेतृत्वमाथि मधेशका जनताको भावना अनुसार पार्टी चलाउन नसकेको प्रमुख आरोप लगाएका छन् ।

उनले केन्द्रीय समिति विस्तारमा सन्तुलन मिलाउन नसकेको, अधिवेशन गराउन नसकेको, गुटबन्दी र चाप्लुसीको भरमा पार्टी चलेको, जनताको एजेन्डालाई थाम्न नसकेको, गन्तव्यतर्फ अगाडि बढ्न नसकेको, जनताले दिएको अभिमत र समर्थनलाई सत्ता सहभागिताको जोड घटाउमा मात्र प्रयोग गर्ने गरेको तथा संगठन निर्माण र विस्तारका लागि कुनै ठोस योजनाहरू ल्याउन नसकेको लगायतका दर्जनौं आरोप र गुनासा राजिनामा पत्रमा उल्लेख गरेका छन् ।

उनले नेतृत्ववर्गको गलत निर्णयहरूका कारण मधेस आन्दोलनका अगुवाहरूमा निराशा छाएको समेत राजिनामा पत्रमा उल्लेख गरेका छन् । २०६९ सालमा तत्कालीन राष्ट्रिय मधेस समाजवादी पार्टीको जिल्ला अध्यक्ष हुँदै केन्द्रीय सहमहासचिवसम्मको जिम्मेवारीमा रहेका उनी पछि ६ दल मिलेर बनेको राजपाको केन्द्रीय सहमहासचिव बनेका थिए ।

राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच २०७७ वैशाख १० मा एकीकरण भई जनता समाजवादी पार्टी गठन भएपछि उनी केन्द्रीय सदस्य बनेका थिए । जसपा टुक्रिएपछि उनले ठाकुरको नेतृत्वमा बनेको लोसपा रोजेका थिए । मण्डलले आगामी राजनीतिक यात्राको निर्णय सम्पूर्ण साथीभाई, शुभचिन्तक र जनताको सल्लाह सुझावबाट केही दिनभित्रै तय गर्ने जनाएका छन् ।


## हार्दिक बधाई एवं शुभकामना



सप्तरी क्षेत्र नं. २ को १ बाट प्रदेशसभा सदस्यमा निर्वाचित **सतिश कुमार सिंह** मधेश प्रदेशको **मुख्यमन्त्री**मा नियुक्त हुनुभएकोमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

**अनिल कुमार अनल**
**सम्पादक**

नवीन साप्ताहिक परिवार

# स्वास्थ्य क्षेत्रका विद्यमान अराजकता तथा ब्रेन ड्रेनको त्रास

**धीरज मैनाली**

बिरामीहरुको सेवा गर्ने तथा बिरामी अवस्थाबाट स्वास्थ्य लाभ गराउने पूनित सोच बोकेर लाखौं लगानी तथा रात दिन नभनि अथक मेहेनतबाट कोही व्यक्ति चिकित्सक वा स्वास्थ्यकर्मी बनेको हुन्छ। पढाईको सकस आफनो ठाँउमा छ। शूरुवाती दिनमा आफनै क्लेजका सिनियरबाट गरिने बुलिङ्ग नेपालका मेडिकल शिक्षण संस्थाका लागि नौलो विषय रहेन। हालैको कर्णालीको एक मेडिकल शिक्षण संस्थाको घटना हाम्रो सामु ताजा छ। यस प्रतिको क्लेज व्यवस्थापनको निरिहताको चर्चा यत्रतत्र सर्वत्र छ। विद्यार्थी बेलाको सकस त आफनो ठाँउमा छ तर जब पढाई सकेर सेवा गर्ने भावले अस्पतालमा काम गर्न थाल्यो कुन कुरामा कुन बिरामीको आफन्तले हात हाल्ने हो त्रासमय तवरमा काम गर्नुपर्ने विषय आजकल नौलो भएन।

दिनानुदिन सुनिने घटनाले अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीमा काम गर्ने मनोबल घटिरहेको आभाष गर्न सकिन्छ। बिरामी स्वास्थ्यमा समस्या भए पश्चात उपचारका लागि जाने तथा आश्रित हुने भनेकोनै अस्पतालमा हो तथा उपचार गर्ने भनेको चिकित्सक तथा स्वाथ्यकर्मीलेनै हो। गुणस्तरिय सेवा प्रवाह गर्नु सम्पूर्ण अस्पताल तथा नैतिकतामा रहेर पदिय जिम्मेवारीमा रहेर उपचार गर्नु चिकित्सक तथा स्वास्थ्यकर्मीको धर्म हो। मानिसको जिवन तथा मरणसंग सम्बन्धीत क्षेत्रमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमा बिरामी तथा बिरामी कुरुवासंग राम्रो काउन्सिलिङ्ग नगर्ने, बिरामीको कुरा नसुन्ने तथा जथाभावी औषधि चलाउने आरोप हुने गरेको छ। डिउटीमा चिकित्सकिय तथा स्वास्थ्यकर्मीले लगाउने पोशाक नलगाएकै कारण बिरामी तथा बिरामी कुरुवाले को चिकित्सक तथा को स्वास्थ्यकर्मी भन्ने पहिचान गर्न नसकेको आरोप पनि बजारमा सुनिन्छ। के यर्थाथमा यहि हो त ?यदि यस किसिमका अनैतिक तथा पदिय मर्यादा विपरितका कार्य भएका हुन भने सुधार आवश्यक छ। चिकित्सक तथा स्वास्थ्यकर्मी एकदमै मर्यादित पेशा हो। मानिसको जिवन बचाउने कसम खाएर पेशामा आएको यो जनशक्तिले मानिसले भन्ने गरेको भगवानको अर्को रुपमा आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ तर के समाज अराजक भईरहेको छ भन्ने कुरालाई हामी अन्देखा गर्न सक्छौ र ?

जथाभावी औषधि आफै सेवन गर्ने , हतपत अस्पताल नजाने, आफै चिकित्सक बन्न खोज्ने अनि अन्तिम अवस्थामा मात्र अस्पताल जाने हामी नेपाली अस्पताल अन्तिम अवस्थामा पुगे पनि कुनै औषधिले काम नगर्ने अवस्थामा पुगेका हुन्छौं। चिकित्सकले अथक प्रयास गरे पनि बिरामी बचाउन सम्भव हुँदैन अनि लपरवाही भनेर हातपात गर्ने, अस्पताल तोडफोड गर्ने, क्षतिपूर्तिका कुरा गर्ने अनि राज्यसंयन्त्र यस अवस्थामा निरिह बन्दिने यसरी समाज कता गइरहेको छ ? अस्पताल आउने सबै बिरामीलाई अस्पतालले तथा चिकित्सकले चाहेर पनि बचाउन सक्दैन। सबै मृत्यु हुने बिरामीमा लपरवाहीको उपाधी तथा धम्कीले अस्पतालमा काम गर्ने कर्मचारीले सिकिस्त बिरामीलाई कसरी उपचार गर्ने हिम्मत गर्न सक्छन ? सिकिस्त बिरामी अस्पतालको ढोकाबाटै फर्काइने वातावरण बन्न थाल्यो भने अवस्था के होला सबैले मनन गर्न आवश्यक छैन ?

कुनै एक अस्पतालले सबै बिरामीको उपचार गर्न सक्दैन। जनशक्तिको अभाव, स्वास्थ्य क्षेत्रमा कुनै एक सेवा थप गर्न लाग्ने करोडौं लगानी तथा स्वीकृतिको झमेलाले कुनै एक अस्पतालमा सबै सेवा प्रवाह सम्भव छैन। आफूकोमा नभएको सेवाका लागि तथा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा रेफर गरिनु सामान्य प्रकिया हो तर बिरामी रेफर गर्ने कुरा आयो कि बिरामी तथा कुरुवाले अस्पतालमा हिजोआज असहज वातावरण श्रृजना गर्न थालेका छन। थप उपचार वा आफूकोमा नभएको सेवाका लागि रेफर गर्दा यति दिन सम्म किन राखेको, शुरुमै भर्ना किन गरेको वा अहिले आएर किन रेफर, मेरो बिरामीलाई झुलाउने कार्य गरियो, अवस्था बिगारियो लगायतका नानाथरीको कपोकल्पित कुरा बनाएर वातावरण खलल गर्ने कार्य बढिरहेको छ।

शल्यक्रिया गरिने बिरामी, आई.सि.युमा राख्नुपर्ने बिरामीको शल्यक्रिया तथा उपचारमा चिकित्सक त्रासमा बस्नुपर्ने वातावरण बन्दै गर्दा बिरामीले कसतो उपचार पाउलान ? अस्पतालमा तोडफोड गर्ने तथा चिकित्सक तथा स्वास्थ्यकर्मी माथी हातपात गर्नेलाई जेल तथा जरीवानाको व्यवस्था भएता पनि त्यसको कडा पालना भएको पाइदैन। सबै नागरिक कार्यकर्ता भएको यो देशमा जेल हालेको २-४ घण्टा समेत जेल प्रशासनले थुनिएको मानिसलाई राख्न गाऱ्हो छ। चिकित्सक तथा स्वास्थ्यकर्मी देशमा काम गर्ने वातावरण नभएको बरु विदेशमा पेशगत सुरक्षा तथा उच्च मनोबलका साथ काम गर्न सकिने सोचले विदेशिने होड चलेको छ।

स्नातक तह उत्तिर्ण गरि मेडिकल काउन्सीलको परीक्षा दिने बितिकै विदेशको सपना बोक्ने, स्नातकोत्तर गरि आफनो अलग्गै पहिचान स्थापित गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु विदेश पलायन हुने लहरमा लगेको देख्दा यो देशमा चिकित्सक तथा स्वास्थ्यकर्मीको भविष्यमा खडेरी पर्ने सम्भावना प्रबल छ। देशको माया भएता पनि काम गर्ने वातावरण छैन केका लागि बस्ने नेपालमा अनि बसेर नि के गर्ने एक त कम तलब त्यस माथी कहाँ कुन बेला कसले हातपात गर्ने हो थाहा छैन कसरी काम गर्ने सोच्नु मानसिक तनाव लिएर चिकित्सकिय सेवा तथा उपचार दिन सकिदैन बरु जुन देश होस विदेशनै जाने भन्नेहरुको संख्या ठूलो छ।

सरकारी अस्पतालमा दरबन्दी श्रृजनामा सरकारको उदासिनता, मेडिकल साइन्समा स्नातक तथा स्नातकोत्तर गरेर पनि जाँगिरका लागि भौतारिनुपर्ने, लाखौ लगानी, अथक कडा परिश्रम गरेर एम.बि.बि.एस वा एम डि/एम एस गरेर स्वयंसेवक भएर अस्पतालमा कार्य गनुपर्ने त्यस माथी बिरामी तथा बिरामी कुरुवाको हप्कीदप्की अझ त्यस माथी मेडिकल साइन्समा सिनियरको हेपाई अनि चरम दमन खेपेर बस्नुभन्दा विदेशिनु ठीक भन्ने जनशक्तिको संख्या आजभोली उल्लेख्य पाइन्छ। देश कता गईरहेको छ ?

एक त जनशक्तिको उत्पादन कम भईरहेको छ। मेडिकल साइन्सका नाम चलेका शिक्षण संस्थाको स्नातकोत्तरका कैयन सिटमा आवेदकनै नपर्नु अनि सिट खाली हुनुले के संकेत गर्दैछ अनुमान गरुम। स्वास्थ्य सेवा अझ भयावह अवस्थाउन्मुख प्रतित हुन्छ। ब्रेनड्रेनको यो भयावह अवस्थालाई रोक्न राज्य उदासिन छ। पेशगत संघ संगठललाई फुर्सदनै नभएको देखिन्छ। रोजगारीकोृ सुनिश्चितता तथा भयरहित काम गर्ने वातावरण श्रजना नहुने भए देशमा कोही पनि दक्ष जनशक्ति नबस्ने कुरालाई हृदयंगम गर्न ढिला भएन ?

गुणस्तरिय शिक्षा प्रणाली विषयमा समेत कहि कतै प्रश्न उठने गरेको सुन्न पाइन्छ। विश्वविद्यालयले निधारण गरेको पाठयक्रम समयसापेक्ष नभएको, परीक्षा प्रणाली अवैज्ञानिक, प्रयोगात्मक अभ्यासको अभाव, आचार संहिता तथा नैतिक शिक्षाको अभाव अनि अनुगमनका बेला कृत्रिम प्रोफेसर तथा लेक्चरर खडेबाबाका रुपमा उभाइनुले चिकित्सकयि तथा उपचार सेवाको शिक्षानै गुणस्तर नभएको आरोपलाई मेडिकल शिक्षण संस्थाहरुले चिर्न जरुरी छ, यदि सत्य रहेमा सुधार अपरिहार्य छ। मेडिकल शिक्षण संस्थामा समय समयमा बेथितीको आवाज, परीक्षा प्रणाली तथा दश्तुरका विषयलाई लिएर विद्यार्थी अन्दोलित बनेको अवस्थाले लाखौं खर्च गरेर डाक्टर बन्छु भन्ने सपना बोकेर मेडिकल स्कुल प्रवेश गरेका विद्यार्थी राजनैतिक गतिविधिमा, अन्दोलनमा, नाराबाजीमा लाग्नुपर्ने वातावरण बजारमा आउनुले मेडिकल क्लेजमा केहि बेथिती पक्कै छ कि अनि यसता मेडिकल क्लेजबाट उत्पादन हुने जनशक्तिले के गुणस्तरिय सेवा प्रवाह गर्लान, के नैतिक व्यवहार प्रस्तुत गर्न सक्छन भन्ने अशंका आमजनमानसमा बढदै गएकाले चिकित्सक प्रतिको समाजको सम्मान अनि हेर्ने दृष्टिकोणमा परिवर्तन आएकाले चिकित्सकलाई निर्बाद रुपमा भयरहित भएर काम गर्ने वातावरण हटदै गएको त होइन ?

राज्यको संविधानको कागजमा स्वास्थ्य नागरिकको मौलिक हक भनिएको तर समाजमा स्वास्थ्य क्षेत्र निजिकरण उन्मुख छ अनि ती अस्पतालमा नैतिकताको खडेरी परेको छ भन्ने नकरात्मक भावले जरो गाढिरहेको छ। बिरामीलाई आवश्यकभन्दा कैयन अनावश्यक जाँच गराउने कमिशनको खेति गर्ने अनि अस्पताल गयो कि त लाखौँ पैसा लाग्छ लुटिइन्छ अनि त्यही लुटतन्त्रमा स्वास्थ्यकर्मी मतियार बनेका छन, निःस्वार्थ भाव तथा नैतिकताभन्दा बिरामीको माध्ययमबाट कमिशनको स्रोत देख्ने अनि आफनो बिरामीको सहि उपचार नभएको भनेर बिरामीको आफन्त आक्रोशित भावमा हुन्छन भन्ने तर्क दिनेको संख्या पनि उत्तिकै छ। चिकित्सक मानवतालाई तिलाञ्जली दिएर जथाभावी औषधि लेखेर कमिशनको होडको दौडमा छन भन्नेहरुको पनि कमि छैन।

मानिसको जिवन तथा मरणसंग प्रत्यक्ष सम्बन्ध राख्ने अस्पताल तथा स्वस्थ्य सेवा प्रदायकहरु अत्यन्तै संवेदनशील क्षेत्र हुन्। उच्च गुणस्तरको सेवाप्रवाह आजको आवश्यकताका रुपमा खटकिएको कुरा आजको यथार्थ हो। चिकित्सकको चिकित्सकिय चुस्तता, प्राविधिकको कामप्रतिको इमान्दारिता साथै अस्पतालको चुस्त व्यवस्थापनले बिरामीको सेवाप्रवाहमा अहम् भुमिका निवार्ह गरेको हुन्छ। बिरामी अस्पतालको गेटबाट प्रवेश गरे पश्चात सेवा पाएर नफकिए सम्म उसले शुलभ तथा गुणस्तरिय सेवा पाउनका लागी अस्पतालको व्यवस्थापन चुस्त रहनु जरुरी रहन्छ। संख्यात्मक रुपमा नेपालमा सरकारी तथा निजि अस्पतालहरुको संख्या विगत दुई दशकमा आशातित रुपमा वृद्धि भएको पाइन्छ।

अस्पताल, चिकित्सक तथा अस्पतालमा काम गर्ने सबै कर्मचारीहरुलाई भयरहित वातावरणमा काम गर्ने परिबेश बनाउन राज्यसंयन्त्र सचेत नहुने हो भने समाज एकदमै अराजक बन्दै गइरहेको कुरालाई कसैले छोप्न सक्दैन अनि यसले देशको स्वास्थ्य क्षेत्रलाई झन जरजर बनाउने कुरा निति निर्माताले मनन गर्न अतिआवश्यक छपतस्। कडा अनुगमन प्रणाली, कडा अनुशासन तथा नियमन आजको माग हो। अस्पताल तोडफोड तथा चिकित्सक तथा अस्पतालका कर्मचारीलाई हातपात गर्न कसैलाई पनि छुट छैन, कडाभन्दा कडा कारवाही नगरे अस्पताल बन्द हुन तथा चिकित्सक तथा स्वास्थ्यकर्मी विदेशिनबाट कसैले रोक्न सकिदैन। समयमै चेतना भया। स्वास्थ्य खबरबाट

## सम्पादकीय

### विकासमा तिब्रता आवश्यक

जिल्लामा लामो समयदेखी भइरहेको विकासका कार्यलाई ढिलो नगरिकन सम्पन्न गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ। विगत पाँच वर्षदेखी जिल्लामा विभिन्न विकासीय कार्यहरु निकै सुस्त गति भइरहेको छ। यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु। नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ।

विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो। जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ। विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किन नहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ।

तसर्थ यस्ता कार्यलाई कुनै पनि बहानामा अवरोध गर्नुहुँदैन। सबैले सकारात्मक सोचका साथ लिनुपर्छ। कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक न्यायको कसीमा बजेट : खाजा बाँडेर विद्यार्थी पल्काउने काइदा

**ध्रुवसत्य परियार**

सरकारले मंगलबार (१५ जेठमा) आर्थिक वर्ष २०८१-८२ को बजेट विनियोजन गर्‍यो ।

सामान्यतः बजेट भनेको अनुमानित आय र अनुमानित व्ययको विवरण हो । बजेटमा खासगरी राज्यको आम्दानी कहाँ-कहाँबाट कति जति हुन्छ र खर्च कहाँ-कहाँ वा कुन कुन शीर्षकमा कति गर्ने भन्ने प्रस्तुत गरिएको हुन्छ ।

व्यक्तिगत घर-खर्च होस् वा राज्यले 'जनता'का नाममा गर्ने सार्वजनिक खर्च होस्– खर्चका प्राथमिकता अनेक हुन्छन् । यहाँ उच्च वर्गलाई सडक, निजी गाडी अझ भनौँ निजी जहाज नै चाहिएला; निम्नमध्यम वर्गलाई सार्वजनिक यातायातको सुविधा चाहिएला; भारी बोकेर जीविका गर्दै आएको व्यक्तिलाई आफ्नो भारी गाडीले खोसेकामा चिन्ता होला । यस्तै, धनीले उद्योग वा व्यापार गर्ने सहज वातावरण खोजिरहेको हुन्छ भने गरिबले रोजगारी ।

राज्यले आफ्नो चेतना (संविधान) बमोजिम देश र जनता (विभिन्न वर्ग, क्षेत्र, समूह र समुदाय)को अवस्था विश्लेषण गरेर बजेट ल्याउनुपर्ने हुन्छ । यसपालिको बजेट वक्तव्यको सातौँ बुँदामा भनिएको पनि छ, 'संविधान, १५औँ योजनाको समीक्षा, १६औँ योजनाको सोच, गणतन्त्रपछिको उपलब्धिको समीक्षा आदिलाई आधार मानेर बजेट तर्जुमा गरिएको छ ।'

सरकारले जस्तो बजेट ल्याओस्; त्यसले देश र जनताको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, भौगोलिक आदि अवस्था वा औकातलाई प्रतिविम्बित गर्छ ।

आठ वर्षअघि हामीले समाजवाद उन्मुख नयाँ संविधान लेख्यौँ, जसमा व्यवस्था गरिएका मौलिक हकहरूलाई नियाल्दा हाम्रो अवस्था वा औकात स्पष्ट हुन्छ । त्यहाँ सामाजिक न्यायको हक, महिलाको हक, ज्येष्ठ नागरिकको हक, बालबालिकाको हक, दलितको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, स्वास्थ्य सम्बन्धी हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिको हक आदि त्यसै लेखिएका होइनन्; देशको अवस्था नियालेर र आन्दोलनले स्थापित गरेका आवाजहरूलाई सम्बोधन गरिएका हुन् । यी हकहरूले बजेट माग्छन् ।

गणतन्त्र आउँदाको वर्ष (२०६५) सँग हाल केही क्षेत्रमा भएको प्रगतिको अवस्था तुलना गरेर ल्याइएको भनिएको यसपालिको बजेटमा थुप्रै नारा छन् । बजेट ल्याउँदा खासगरी आम्दानी तथा उत्पादन बढाउने क्षेत्र र खर्च गर्ने क्षेत्रमा विशेष ध्यान दिनैपर्ने आफ्नो ठाउँमा छ; यद्यपि राज्यको पहिलो दायित्व हो, सामाजिक न्याय ।

हाम्रो संविधानले प्रस्तावनामै 'सामाजिक न्याय सुनिश्चित गर्न' वाक्यांश राख्दै मौलिक हक अन्तर्गत 'सामाजिक न्यायको हक' नै राखेको छ, यद्यपि सामाजिक न्यायको परिभाषा राखेको छैन ।

सरकारले 'सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहित १६औँ योजना स्वीकृत गरेको' परिप्रेक्ष्यमा आएको यसपालिको बजेटले सामाजिक न्यायलाई कसरी सम्बोधन गरेको छ त ? यसपालिको बजेटमा सामाजिक न्यायमा आधारित 'जस्ता' लाग्ने केही कार्यक्रमलाई नियालौँ ।

बजेट वक्तव्यमा 'महिला' शब्द २० वटा परेका छन् । बजेटमा एउटा सुन्दर नारा छ, 'महिलामा लगानीको वर्ष ।' यो सुन्दर नारालाई सम्बोधन गर्न एउटा नयाँ कार्यक्रम छ, 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' । यसका लागि १० करोड छुट्ट्याइएको छ । यो रकम छलफल र अन्तर्क्रियाका लागि हो जस्तो बुझिन्छ । योसँगै बजेट वक्तव्यमा आगामी वर्ष 'युवा महिला राष्ट्रिय सम्मेलन' आयोजना गर्ने उल्लेख छ ।

छलफल र अन्तर्क्रिया राम्रो हो तर योभन्दा बढी महिलाका समस्याबारे विभिन्न आयामबाट अनुसन्धान आवश्यक छन् । हाम्रो राष्ट्रिय समस्या भनेकै तथ्यांक हो । गणतन्त्रपछि संविधानमा टेकेर सरकारले बाध्य भएर भन्नुपरेको छ– समृद्धि ल्याउने, सामाजिक न्याय स्थापना गर्ने, उत्पादन बढाउने आदि । यी सबै त गर्ने तर केका आधारमा गर्ने ? राज्यसँग तथ्यांक छैन । हाम्रो राज्य तथ्यांकसँग डराउँछ, डराउँदै आएको छ ।

बजेट वक्तव्यमा गणतन्त्रपछि महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका र पिछडिएका क्षेत्रका गरी २४ हजार १५२ व्यक्ति निजामती सेवामा प्रवेश गरेको उल्लेख छ, तर यो तथ्यांकमा समावेशीबाट दलित महिला तीन सय हाराहारीमा रहेको बारे बजेट वक्तव्य बेखबर जस्तै छ ।

सदियौँदेखि महिलाले वंश र अंशको हक पाएनन् । महिला भएकै नाममा विभेद र हिंसाहरू खेप्दै आए । त्यसैले राज्यसँग महिलालाई दोस्रो दर्जाको नागरिकबाट उन्मुक्ति दिने कार्यक्रम हुनैपर्छन् । योसँगै समग्र महिलाभित्रका सीमान्तकृत महिलालाई राज्यले विभिन्न आयामबाट खोज्नुपर्ने र कार्यक्रम ल्याइनुपर्नेछ अर्थात् अनुसन्धान गरेर नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्नेछ ।

अनुसन्धान धेरै पक्षमा आवश्यक छ । भूमिहीनहरू कति छन् ? गरिबीको रेखामुनि भन्नाले हाम्रो मौलिक मानक के हो ? गरिबीको रेखामुनि रहेकाहरूको उत्थानका लागि के कस्ता कार्यक्रम आवश्यक हो ? कति मानिस के कति ऋणको चपेटामा छन् ? कसले के कारणले पढ्न सकेनन् ? उनीहरूलाई कसरी र कस्तो शिक्षा दिने ? अभिभावकहरूले गरिबी, ऋणको चपेटा र मदिरा वा जुवातास के कारणले सन्तानलाई पढाएनन् ? वा बेवारिसे छाडिदिए ? सम्बन्धविच्छेदका कारण के हुन् ? इत्यादि प्रश्नको जवाफमा सरकारसँग स्पष्ट तथ्यांक हुनुपर्छ, यसपछि मात्रै कस्ता नीति तथा कार्यक्रम वा बजेट ल्याउने भन्नेमा जान सकिन्छ । यस्ता अनुसन्धान स्थानीय तहले छोटो अवधिमा गर्न सक्छन् । यस ढंगले काम गर्न बितिसकेको केही छैन, अझै पनि राज्य अगाडि बढ्न सक्छ ।

बजेटको २०६ बुँदामा भनिएको छ, 'महिला विरुद्ध हुने हिंसा, शोषण र भेदभाव नियन्त्रण गरी सबै क्षेत्रमा समभाव र सम्मानजनक वातावरणको सिर्जना गरिनेछ ।' यस्तो अमूर्त वाक्य बजेटमा राख्नुको अर्थ के ? हिंसा, शोषण र भेदभाव नियन्त्रण गर्न यी यी यति बजेटका कार्यक्रम ल्याउँदै छौँ भनी आउनुपर्ने होइन र ?

महिलाको हकमा यसअघि पनि राष्ट्रपति महिला उत्थान कार्यक्रम, राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम आदि सञ्चालित छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नै छ, मन्त्रालयका लागि एक अर्ब ६० करोड विनियोजन गरिएको छ । कुल जनसंख्याको ५१ प्रतिशत महिलाका खास-खास समस्या हेर्ने गरी छुट्ट्याइएको यो रकम निकै कम हो ।

सामाजिक न्यायको हकमा आजसम्मको अवस्था जस्तो होस्, अबका लागि सामाजिक न्याय स्थापित गर्ने आधार भनेका बालबालिका हुन् । यसपालिको बजेटमा 'बालबालिका' शब्द आठवटा परेका छन् ।

सरकारको 'राष्ट्रिय बालबालिका नीति, २०८०' ले बालबालिका सम्बन्धी समस्या र चुनौती पहिचान गरेको छ । ती समस्या र चुनौती कति अनुसन्धानमा आधारित छन् भन्ने प्रश्नकै घेरामा छ । यद्यपि त्यहाँ उल्लेख छ– बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चित हुन नसक्नु, विद्यालयमा बालबालिकाको शत प्रतिशत भर्ना नहुनु तथा बालबालिकाको विद्यालय छोड्ने दर कायम रहनु, बाल अदालतको गठन हुन नसक्नु आदि ।

यसपालि सरकारले कक्षा ५ सम्म ३० लाख विद्यार्थी लाभान्वित गर्न ८ अर्ब ३९ करोड छुट्ट्याएको छ । यो कार्यक्रम पुरानै हो ।

यहीँनेर राज्य र समाजको चेतको हैसियत देखिन्छ । सरकारले ठान्छ – गरिबहरू खान दिएपछि पल्किएर विद्यालय आइहाल्छन्; धनीहरूका लागि त निजी विद्यालयमा छँदै छ ।

हामीकहाँ सबैभन्दा बढी वर्गीय विभेद शिक्षा र स्वास्थ्यमा छ; यहाँ धनी र गरिबले पढ्ने विद्यालय नै फरक छन् । तत्कालका लागि कम्तीमा राज्यले कक्षा ५ सम्म (बिस्तारै बढाउँदै जान सकिन्छ) समान शिक्षा लागु गर्ने अर्थात्

*बाँकी चार पृष्ठमा*







### सामाजिक न्यायका ...

कक्षा ६ देखि मात्रै निजी विद्यालय खोल्न पाउने; कक्षा ५ सम्म ट्युसन र कुनै पनि बहानामा शुल्क लिन नपाइने आदि व्यवस्था गर्ने हो भने समाजका सबै लागेर कक्षा ५ सम्मको शिक्षालाई गुणस्तरीय बनाउँथे । अनि धनीहरूले आफ्ना बालबालिकालाई पढाउन घरमा शिक्षक बोलाउँथे र रोजगारी बढ्थ्यो । सरकारको सोच यतातिर जानै सकेको छैन । हिजो सामन्तहरूले गरिबलाई दुई छाक खान दिएर काममा लगाएजस्तै ठानेको छ सरकारले, विद्यार्थीको हकमा पनि ।

अनाथ बालबालिकाको हकमा आवासीय शिक्षाकै खाँचो छ, तर अभिभावक भएका बालबालिकाको हकमा अभिभावककै लागि रोजगारी वा विशेष कार्यक्रम राज्यले ल्याउनुपर्छ । हिजोको सभ्यता र सोचले पुरुषलाई अंश र वंशको हक दियो, आज राज्यले 'बालबालिकाका लागि आमा कार्यक्रम' ल्याउन सक्छ, जसले गर्दा छोराछोरी पढाउन समस्या नहोस् ।

अर्कोतिर स्वास्थ्य उपचारकै लागि कति मानिस गरिब हुन पुगेका छन् । राज्यले विपन्न नागरिकलाई मुटु, क्यान्सर, मिर्गौला, अल्जाइमर्स, पार्किन्सस, स्पाइनल कर्ड इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगमा एक लाख दिने बजेट ल्याउँछ, यी कतिपय रोगमा एक लाख रुपैयाँले केही हुँदैन भन्ने राज्यमा बसेका मानिसलाई थाहा छँदै छ ।

यसपालिको बजेटमा चार ठाउँमा ज्येष्ठ नागरिक शब्द परेका छन् । बजेटको १८१ बुँदामा जेरियाट्रिक वार्ड सञ्चालन गरी ज्येष्ठ नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराइने उल्लेख छ । क्यान्सर, मेरुदण्ड र पक्षघात, मिर्गौला प्रत्यारोपण र डायलासिस सेवा लिइरहेका बिरामीलाई उपचार खर्चबापत राज्यले प्रतिमहिना पाँच हजार रुपैयाँ दिँदै आएको छ । यसपालि यो पैसा सम्बन्धित व्यक्तिको खातामै जम्मा गर्ने भनिएको छ । यो धेरै हदसम्म राम्रो व्यवस्था हो, यद्यपि सामान्यतः सातामा दुईपटक डायलासिस गर्नुपर्छ । बिरामी कहाँको हो, हस्पिटलसम्म आउजाउ गर्न कति खर्च लाग्छ, यस्ता कुरामा सरकारको ध्यान छैन ।

स्वास्थ्य सम्बन्धमा राज्यसँग अलि फराकिलो कार्यक्रम चाहिन्छन् । यसमा खासगरी अस्पताल रहेका सहरमा 'उपचार आश्रम' खोल्न सकिन्छ, जहाँ उपचाररत व्यक्ति र उसका आफन्त बस्न सकून् ।

बजेटमा 'हाम्रा बाआमा, हाम्रो जिम्मेवारी' जस्तो सुन्दर नारा दिएर स्थानीय तहमा ज्येष्ठ नागरिक मिलन केन्द्र विस्तार गर्दै जाने र सातै प्रदेशमा सुविधा सम्पन्न वृद्धाश्रमको स्थापना गरिने भनिएको छ तर बजेट छुट्याइएको छैन ।

अर्कोतिर कति मानिस संस्कारजन्य कार्यका लागि ऋण काढेर गरिब हुन पुगेका छन् । अचेल देखासिकी र महँगी दुवै यति बढेको छ कि घरमा सानोभन्दा सानो संस्कार गर्न कम्तीमा एक-डेढ लाख रुपैयाँ लाग्छ, बिहे र मृत्यु संस्कारको त कुरै छाडौं । यसैसँग संस्कारजन्य कुरामा पनि केही कडिकडाउ नियम वा मानक र कार्यक्रम हुनुपर्छ । खासगरी निःशुल्क बिरामी बोक्ने र लास उठाउने एम्बुलेन्स हरेक वडामा हुनुपर्छ, एउटा वडामा अलि बढी आपत परेका बेला अन्य वडा तथा पालिकाले सहयोग गर्नुपर्छ ।

बजेटमा मुक्त कमलरीको आर्थिक सशक्तकरणका लागि व्यावसायिक र सीपमूलक तालिम दिने त भनिएको छ तर बजेट छुट्याइएको छैन । २०७९ सालमा सरकारले हरवाचरवालाई मुक्त घोषणा गर्‍यो, तर यसपालि बजेट ल्याएन । मुक्त कमैया, मुक्त हलियालाई त राज्यले बिर्सिसक्यो ।

यसपालिको बजेटमा 'दलित' शब्द सात ठाउँमा परेका छन् । दलितको हकमा यसपालि फरक के छ भने, राज्यले 'दलित, उपेक्षित, उत्पीडित वर्ग उत्थान तथा विकास प्राधिकरण'को संस्थागत व्यवस्था गर्ने भएको छ । यसका लागि २० करोड रुपैयाँ छुट्याइएको छ । यो बजेटले संस्थागत व्यवस्था गर्ने मात्र हो कि 'उत्थान'मा खर्च गर्ने हो भन्ने बेग्लै पाटो छ । कुल जनसंख्याको करिब १४ प्रतिशत दलितका लागि मन्त्रालय नै चाहिने हो; कम्तीमा प्राधिकरण बन्नु सामाजिक न्यायका लागि सकारात्मक पक्ष हो । यसका लागि कस्तो ऐन बन्ने हो, कस्तो बाटो लिने हो, त्यो बहसकै विषय छ ।

यसपालिको बजेटमा दलित समुदायको पहुँच वृद्धि गर्न गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । बजेटको यही बुँदा (१६८)मा प्राविधिक शिक्षातर्फ एक अर्ब ५९ करोड छुट्याइएको छ । यो सबै रकम दलित छात्रवृत्ति कार्यक्रमका लागि हो या यसबाट दलितका लागि दिइने हो, स्पष्ट छैन । यहीं बुँदामा दलित विद्यार्थीको संख्या तोक्न कुनै समस्या थिएन । गणतन्त्रअघि दलितका नाममा आएको बजेट गाउँघरका स्कुलले भित्तामा सिमेन्ट लगाएर सक्थे । राज्यले आज बजेट बनाउँदा यति दलित विद्यार्थीलाई यस्तो प्रकारको प्राविधिक शिक्षा आवासीय रूपमा दिन यति खर्च लाग्छ भनी अनुसन्धान गरेको छैन । हचुवाको भरमा अमूर्त खालको बजेट ल्यायो, कहाँ जान्छ थाहा हुँदैन ।

यसपालिको बजेटमा सीमान्तकृत शब्द पाँचवटा परेका छन् । यो शब्द पनि सामाजिक न्याय स्थापनाकै लागि आएको हो तर राज्य वा संविधानले 'सामाजिक न्याय'को स्पष्ट परिभाषा गरेको छैन । यद्यपि संविधानले मौलिक हक अन्तर्गत नै 'सामाजिक न्यायको हक' राखेको छ । यस धारालाई केलाउँदा अलि अमूर्त किसिमले सामाजिक न्यायको परिभाषा आएको बुझिन्छ ।

त्यहाँ भनिएको छ, 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुने हक हुनेछ ।'

यहाँनेर 'पछाडि परेका' वाक्यांशले सदियौंदेखि राज्यद्वारा शास्त्रका आधारमा जातीय कानुन बनाएर पछाडि पारिएका दलित र जनजातिलाई 'मजाक'को विषय बनाएको छ । अर्थात् यहाँनेर 'पछाडि पारिएका' भन्ने वाक्यांश छुटेको छ, त्यसैले राज्यसँग सर्वप्रथम सामाजिक न्यायकै स्पष्ट परिभाषा आवश्यक छ ।

जहाँसम्म सीमान्तकृतको कुरा छ, संविधानको व्याख्या भन्छ, 'सीमान्तकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा-सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ ।' यस परिभाषामा अतिसीमान्तकृत र लोपोन्मुख समुदायलाई समेतलाई जनाउने भनिएको छ तर दलित शब्द परेको छैन ।

सीमान्तकृतको परिभाषाभित्र दलित शब्द नपारिँदा सीमान्तकृतको नाममा आउने बजेट दलित बाहेकलाई बढी जाने सम्भावना रहन्छ ।

बजेटको १६१ बुँदामा अति विपन्न र सीमान्तकृत वर्गका बालबालिका, जो ६ देखि १२ कक्षा सम्म पढ्छन्, उनीहरूलाई सबै प्रकारका छात्रवृत्ति दिन ६० करोड छुट्याइएको छ । यो बजेट खासगरी वर्गका आधारले ल्याएको बुझिन्छ । यो पंक्तिकारलाई थाहा छैन कि अति विपन्न भनेका को र कुन आर्थिक-सामाजिक अवस्थाका हुन् र उनीहरूको संख्या कति छ ? यद्यपि बजेटको यस बुँदाले ४५ हजार विद्यार्थी लाभान्वित गर्ने लक्ष्य लिएको छ ।

यसपालिको बजेटमा तराई मधेसका सीमान्तकृत तथा पिछडिएको क्षेत्रको आर्थिक र सामाजिक सशक्तीकरणका लागि तराई-मधेस समृद्धि कार्यक्रम कार्यान्वयन गर्न एक अर्ब छुट्याइएको छ । यस सम्बन्धमा भने राज्यले 'तराई-मधेस समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका- २०८०' ल्याइसकेको छ, जसमा कार्यक्रम लागु हुने स्थानीय तह र कार्यक्रम अन्तर्गत सञ्चालित तालिममा सहभागी हुने जातजाति तोकिएको छ । लक्षित वर्गमा यो कार्यक्रमको प्रभाव कस्तो पर्छ, त्यसको समीक्षा हुँदै जानुपर्छ ।

रातोपाटीबाट

# मुख्यमन्त्रीले गरे ९ बुँदे निर्णय

**राजविराज/मधेश** प्रदेशका नवनियुक्त मुख्यमन्त्री सतिश कुमार सिंहले पदभार ग्रहण पश्चात् ९ बुँदे महत्वपूर्ण निर्णय गरेका छन् ।

मधेशका १ सय ३६ वटै स्थानीय तहमा बाँझो जग्गा उपयोग गरी नमुना कृषि विकास मोडल लागू गरी 'एक पालिका एक कृषि उत्कृष्टता केन्द्र' स्थापना गर्ने, स्थानीय तहमा नमुना रुपमा एक/एक खुला शैक्षिक पार्क बनाउने, मधेश आन्दोलनका शहीद, घाइते परिवारलाई सम्बोधन हुने कार्यक्रम, संघीयताका प्रणेता स्वर्गीय गजेन्द्रनारायण सिंह र प्रथम गणतन्त्रवादी नेता स्व. रामराजाप्रसाद सिंहको सम्मानमा विशेष कार्यक्रम सञ्चालन गरिने, प्रदेशको तथ्यांक भरपर्दा र विश्वसनीय बनाउन आफ्नै डिजिटल तथ्यांक बैंक स्थापना गर्ने निर्णय गरेका छन् ।

यसैगरी वैदेशिक रोजगारबाट सीप सिकेर फर्केका जनशक्तिको पहिचान गरी श्रम बैंकको रुपमा स्थापना गरी सिपलाई रोजगारीसँग जोड्ने कार्यक्रम अगाडि बढाउने, मधेश प्रदेशमा लगानी सम्मेलन गर्ने, मधेशमा सुशासनको जग स्थापित गर्न खोजमूलक पत्रकारिता प्रवर्द्धन गर्दै प्रदेश सरकार र मिडिया साझेदार कार्यक्रम सञ्चालन गर्ने, मधेशको खेल क्षेत्रलाई गतिशील बनाउन प्रदेश गौरवको आयोजनाको रुपमा रंगशाला निर्माण गर्ने र खेलाडीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने निर्णय गरेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।


## तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने







**गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।**

अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

अनुरोधकर्ता
खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी

# मधेश प्रदेशमा सप्तरीबाट मुख्यमन्त्रीसहित चार जना मन्त्री






**राजविराज**/मधेश प्रदेश सरकारमा सप्तरी जिल्लाबाट मुख्यमन्त्रीसहित चार जना मन्त्री बन्न सफल भएका छन्।

प्रदेश सरकारको मन्त्री मण्डलमा मुख्यमन्त्री सतिश कुमार सिंह, शिक्षा तथा संस्कृती मन्त्री राजकुमार लेखी, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपाने र विनाविभागीय राज्यमन्त्री रञ्जुकुमारी मण्डल खंग छन्।

यसअघि शुक्रबार मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सतिशकुमार सिंहले पद तथा गोपनीयताको शपथ लिएसँगै मन्त्री परिषद् समेत विस्तार गरेका थिए।

प्रदेश प्रमुख सुमित्रा भण्डारीसमक्ष उनले शपथ लिए पछि मुख्यमन्त्री सिंहले सत्ता गठबन्धनका अन्य दलहरूसहित १४ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दै सबै मन्त्रीहरुलाई शपथ गराए।

मन्त्रिपरिषद्मा नेकपा ( माओवादी केन्द्र) का तर्फबाट अर्थमन्त्रीमा प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्रीमा युवराज भट्टराई नियुक्त भएका छन्।

त्यस्तै, नेकपा (एमाले) बाट संसदीय दलका नेता सरोजकुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री, राजकुमार लेखी शिक्षा तथा संस्कृति, शत्रुधनप्रसाद सिंह स्वास्थ्य तथा जनसङ्ख्या तथा केशव राय स्वास्थ्य राज्यमन्त्री र शारदादेवी थापा शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा नियुक्त भएका छन्।

यस्तै नेकपा (एकीकृत समाजवादी) का तर्फबाट संसदीय दलका नेता समेत रहेका गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, बेची लुङ्गेली ऊर्जा, सिँचाइ र खानेपानीमन्त्री, नेपाल सङ्घीय समाजवादी पार्टीका तर्फबाट विमला अन्सारी गृह, सञ्चार तथा कानुनमन्त्री र नागरिक उन्मुक्ति पार्टीकी उर्मिलादेवी सिंहलाई श्रम तथा यातायातमन्त्रीको जिम्मेवारी दिइएको छ।

# चालु आ.ब.मा २४ जनाले ज्यान गुमाए

**राजविराज**/सप्तरीबाट वैदेशिक रोजगारमा गएकाहरु मध्येबाट २४ जनाले ज्यान गुमाएको तथ्याङ्क सार्वजनिक गरिएको छ।

राजविराज नगरपालिकाको आयोजना, कंचनरुप नगरपालिका, शम्भुनाथ नगरपालिका र राजगढ गाउँपालिकाको सहकार्यमा शुक्रबार आयोजित "सुरक्षित वैदेशिक रोजगारीका लागी संचारकर्मीहरु संगको अन्तरकृया" कार्यक्रममा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो।

सुरक्षित आप्रवासन कार्यक्रम (सामी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन उद्देश्यले आयोजित कार्यक्रममा कार्यक्रम संयोजक राजेन्द्र यादवले प्रस्तुत गरेको प्रतिवेदनमा चालु आ.ब. २०८० साउन देखि २०८१ जेठ २५ सम्ममा वैदेशिक रोजगारीका लागी विभिन्न मुलुक गएका मध्येबाट २४ जना युवाले ज्यान गुमाएको उल्लेख छ।

यसै अवधिमा वैदेशिक रोजगारी ठगीका ३८, काम फरकका ६६, असहज कामका ४, स्वास्थ्य समस्याका ३, विभिन्न कारणले विदेशी भुमीमा जेल गएका ४ र सम्पर्क विहिन भएका ४ घट्ना भएको उजुरी प्राप्त भएको आप्रवासी श्रोत केन्द्र सप्तरीकी परामर्शदाता नीता चौधरीले बताईन।

वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाउनका लागी नगरपालिका र सुरक्षित वैदेशिक रोजगारका लागी आप्रावासी श्रोत केन्द्रको सहकार्यमा सामुदाय स्तरमा विभिन्न गतिविधी थालिएको उनको भनाई छ।

कार्यक्रमको उदेश्यमाथी प्रकाश पार्दै हेल्भिटास नेपालका कार्यक्रम अधिकृत राम प्रमेश मण्डलले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन वैदेशिक रोजगारीमा जाने युवा युवती र तिनका परिवारलाई लक्षित गरी जिल्लाको विभिन्न पालिकामा मनोसमाजिक परामर्श, वित्तिय साक्षरता, निःशुल्क कानूनी सहायता (न्यायमा पहुँच), सूचना तथा परामर्श सेवा (सूचनामा पहुँच) लगायतका कार्यक्रम संचालन गरिएको बताए।

परियोजनाले हरेक जिल्ला प्रशासन कार्यालयमा सुरक्षित आप्रवासन सूचना केन्द्र, वैदेशिक रोजगारीमा जान इच्छुकलाई निःशुल्क सीपमूलक तालिम, रोजगारीमा रहेकाहरुमा पारिवारिक विचलन आए सहजीकरणको भूमिका, रोजगारीबाट आउने रेमिट्यान्स सदुपयोग गर्न व्यवसायिक लगानीका लागी आवश्यक परामर्श, विदेशमा कम्पनीबाट ठगिएकाहरुलाई न्यायका लागी कानूनी परामर्शमा सहयोग, मुदामामिला, क्षतिपूर्ती राहत तथा अन्य प्रकृयाका लागी सहयोग गर्दै आएका उनले जनाए।

वैदेशिक रोजगारलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाउनका लागी समूहस्तर मै गएर जानकारी गराउने उद्देश्यले यस्ता गतिविधी तिव्र पारिएको आयोजकले जनाएको छ।

सीप र सूचना नलिई वैदेशिक रोजगारीमा जाँदा धेरै नेपाली अलपत्र पर्ने, विभिन्न दुर्घट्ना र रोगको शिकार हुने र अन्त्यमा ज्यान सम्म गुमाउने गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ।



अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### राहुल गान्धी भारतको विपक्षी दलका नेता नियुक्त

**भारत**/प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख प्रतिद्वन्द्वी राहुल गान्धीलाई शनिबार संसद्मा भारतको विपक्षीको नेतृत्व गर्न मनोनयन गरिएको छ।

मोदीले पछिल्लो समय आम चुनाव जितेपछि तेस्रो कार्यकालका लागि शपथ लिदै हुनुहन्छ। गान्धीको पार्टीले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)लाई बहुमतबाट वञ्चित गरेको थियो, जसले भाजपालाई शासन गर्न गठबन्धन सहयोगीमा भर पर्न बाध्य तुल्यायो।

गान्धीले विश्लेषकको अपेक्षा र एक्जिट पोललाई बेवास्ता गर्दै आफ्नो पार्टी (कांग्रेस)लाई संसदीय सङ्ख्या लगभग दोब्बर बनाउन मद्दत गर्दै गर्दाको प्रयासमा एक दशक अघिदेखि मोदी सत्तामा आएपछि सबैभन्दा राम्रो परिणाम हो।

शनिबार कांग्रेस नेतृत्वको बैठकमा गान्धीलाई भारतको आधिकारिक विपक्षी नेताको रूपमा चयनको लागि सिफारिस गर्न सर्वसम्मतिले मतदान भएको थियो। यो पद सन् २०१४ देखि खाली रहेको थियो।

सबै सहभागीले सर्वसम्मतिले प्रस्ताव पारित गरी राहुल गान्धीले संसद्मा विपक्षको नेताको पद लिनुपर्ने र केसी वेणुगोपालले पार्टी कार्यकारिणीको बैठक पछि पत्रकार सम्मेलनमा बताए।

शनिबार पछि कांग्रेस नेतृत्वको विपक्षी गठबन्धनका दुई सय ३२ विधायकको बैठकमा नामाङ्कन पेस गरिनेछ।

गान्धी दशकौँसम्म भारतीय राजनीतिमा प्रभुत्व जमाउने वंशको वंशज हुनुहुन्छ भने स्वतन्त्रता नेता जवाहरलाल नेहरूबाट सुरु गरेर पूर्वप्रधानमन्त्रीका छोरा र नाति हुन्। एजेन्सी

### भारतको खाद्य प्रशोधन कारखानामा आगलागी : तीनको मृत्यु, छ जना घाइते

**भारत**/उत्तरी दिल्लीको नरेला औद्योगिक क्षेत्रमा रहेको खाद्य प्रशोधन कारखानामा शनिबार बिहान आगलागी हुँदा तीन जनाको मृत्यु हुनुका साथै छ जना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ।

प्रहरीलाई घटनाको बारेमा पीसीआर कलबाट सूचना प्राप्त भए पछि प्रहरी कर्मचारीहरू फूड्स लिमिटेडमा पुग्दा आगो लागिरहेको प्रहरीले जनाएको छ। घटना हुँदा नौ जना कारखाना भित्र रहेको जनाईएको छ। उनीहरूको उद्धार पछि तत्कालै नरेलाको एसएचआरसी अस्पतालमा लगिएकोमा घाइतेमध्ये तिन जनालाई अस्पतालले मृत घोषित गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार ग्यास बर्नरमा कच्चा मुग भर्ने क्रममा ग्यासको एउटा पाइपलाइनमा ग्यास चुहिएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ। आगो फैलिर्दा कम्प्रेसर अत्यधिक तताएको परिणामस्वरूप विस्फोट भएको थियो।

मृत्यु हुनेहरुमा श्याम, राम सिंह र बीरपा रहेको पुष्टि भएको छ। घाइते मध्ये पुष्पेन्द्र आकाश, मोहितकुमार, रवि कुमार, मोनु र लालु रहेका छन्।

घटनासँग उपयुक्त धारा अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ। एजेन्सी

### युक्रेनलाई सघाउने अमेरिकी राष्ट्रपतिको प्रतिबद्धता

**वासिङ्टन डीसी**/अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीसँग नयाँ सैन्य सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

राष्ट्रपति जेलेन्स्कीसंग शनिबार भएको द्विपक्षीय बैठकमा युक्रेनका लागि नयाँ सहायता प्याकेजको घोषणा गर्दै त्यसलाई यथाशक्य चाँडो उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

"हामी हार नमानी उल्लेखनीय रूपमा निरन्तर लडिरहेको युक्रेनको साथमा छौँ", बाइडेनले युक्रेनी राष्ट्रपतिलाई भन्नुभयो।

अमेरिकी राष्ट्रपतिले आफूले पारित गर्नुपर्ने विधेयक प्राप्त गर्नमा समस्या सामना गरिरहेको कुरामा जोड दिनुभयो। "सहायताको सन्दर्भमा के पारित हुन गइरहेको छ भन्ने थाहा नदिएकोमा म क्षमाप्रार्थी छु, हाम्रा केही रूढीवादी सदस्यबाट पारित गर्नुपर्ने विधेयक प्राप्त गर्न गाह्रो भइरहको थियो", उहाँले भन्नुभयो।

बाइडेनले शुक्रबारको सहायतासम्बन्धी घोषणाका साथ युक्रेनलाई थप सहायताबारे पनि घोषणा गर्नुभएको सिएनएनले जनाएको छ।

"अप्रिलमा सम्झौता भएदेखी मैले महत्त्वपूर्ण सहायता कोषका छ वटा प्याकेज घोषणा गरेको छु। शनिबार म विद्युतीय ग्रिडको पुनःनिर्माण गर्न मद्दत गर्न २२ करोड ५० लाख अमेरिकी डलरको अतिरिक्त प्याकेजमा पनि हस्ताक्षर गर्दैछु", अमेरिकी राष्ट्रपति बाइडेनले भन्नुभयो।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले खुला र समावेशी संवादको आवश्यकतामाथि जोड दिँदै उहाँले विश्व एकताबद्ध हुन र "पूर्ण सद्भाव"मा काम गर्न सक्षम हुनुपर्ने बताउनुभयो। एजेन्सी

# विपदबाट हुने क्षति रोक्न सम्भावित जोखिममा रहेका बस्तीमै पुगेर अभ्यास र सचेतना



**राजविराज**/चुरे क्षेत्र हुँदै सप्तरीको रुपनी गाउँपालिका, महादेवा गाउँपालिका, राजविराज नगरपालिका र तिलाठी कोलाडी गाउँपालिका भएर बग्ने खाडो नदीले व्यापक जनधनको क्षति गर्ने गरेको छ।

यस वर्षको मनसुन जन्य विपदबाट उल्लेखित पालिकाहरूमा फेरि पनि जनधनको क्षति हुने आकलन गर्दै यहाँ सम्भावित जोखिममा रहेका बस्तीहरूमै पुगेर अभ्यास मार्फत सचेतना कार्यक्रम थालिएको छ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसीमोड)को सहयोग, नेपाली सेनाको वरख गणको समन्वय तथा सवल नेपाल राजविराजको आयोजनामा हाइग्रिड परियोजना अन्तर्गत चार दिने समुदायमा आधारित विपद व्यवस्थापन, विपद प्रतिकार्य तथा बाढीपूर्व सूचना प्रणालीको दिगोपना सम्बन्धी सचेतनामूलक तालिमसहित बाढीको उच्च जोखिममा रहेका बस्तीहरूमा पूर्व तयारी स्वरूप स्थानीय समेतलाई सहभागी गराई सेनाद्वारा विपद व्यवस्थापन सम्बन्धी अभ्यास थालिएको हो।

यसै क्रममा शनिबार तिलाठी कोइलाडी गाउँपालिकाको सकरपुरामा बाढी आउनु पूर्व अपनाउनुपर्ने उपाय र बाढी आइसकेपछि डुबानमा परेकाको खोज र उद्धार, पुर्नस्थापना, घाइतेको उपचार, सरसफाई, सुरक्षित स्थानमा पुर्याउने र प्रतिकार्य लगायतका कार्य सम्बन्धी काल्पनिक परिस्थिति अनुसारको अभ्यास सिकाइएको छ।

उक्त अभ्यासमा तालिम प्राप्त सेनाका विपत विज्ञहरुले बाढीका बेला हुने गरेको क्षति न्यूनीकरण गर्न अपनाउनुपर्ने तत्कालीन र दीर्घकालीन उपायबारे अभ्यास मार्फत स्थानीयलाई प्रशिक्षण दिएको सहयोगी संस्था इसीमोडका प्रतिनिधि प्रदिप डंगोलले बताए।

अभ्यासमा विपतका बेला प्रयोग गरिने ट्युब वाटर हेल्मेट, डुङ्गा, डोरी, माइक, साइरन, प्राथमिक उपचार लगायतका सामग्री प्रयोग गरी स्थानीयलाई आवश्यक ज्ञान र जानकारी प्रदान गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोक शाहले बताए। उनले बाढीको उच्च जोखिममा रहेका बस्तीको पहिचान गरी उक्त क्षेत्रमा जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको बताए। विपदको पूर्व तयारी र विपदका समयमा गरिनुपर्ने उद्धार र राहतको सचेतना र सांकेतिक अभ्यासले विपदको जोखिम न्यूनीकरणमा सहयोग पुर्याउने उनको कथन छ।

मंगलबारदेखि सुरु भएको उक्त कार्यक्रम शनिबार सम्पन्न भएको छ। हाल सो कार्यक्रम सकिएपनि आगामी दिनमा आवश्यकता अनुसार जिल्लाको थपपालिकामा सञ्चालन हुने कार्यक्रम आयोजक सवल नेपालले जनाएको छ।

सप्तरी बाढीका लागि जोखिमयुक्त जिल्लामा पर्ने भएकाले जोखिममा रहेका बस्तीमा पुगेर गरिएको सचेतना अभ्यास र उदारकला प्रदर्शनले बाढीका समयमा मानवीय र भौतिक क्षति न्यूनीकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

# सप्तरीका सिंह मुख्यमन्त्रीमा नियुक्त

**राजविराज**/मधेश प्रदेशमा ६ दलिय गठबन्धनका तर्फबाट जनमत पार्टीका सतिश कुमार सिंह मुख्यमन्त्री बनेका छन्।

शुक्रबार मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सतिशकुमार सिंहलाई प्रदेश प्रमुख सुमित्रा भण्डारीले शपथ गराएकी छिन।

सपथ लिएपछि मुख्यमन्त्री सिंहले सत्ता गठबन्धनका अन्य दलहरूसहित १४ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दै सबै मन्त्रीहरुलाई शपथ गराए।

सप्तरी जिल्लाको तिलाठी कोईलाडी गाउँपालिकाको कोइलाडी गाउँमा २०३९ मंसिर ८ गते जन्मिएका सिंह जिल्लाबाट पहिलो तथा प्रदेशको तेश्रो मुख्यमन्त्री बनेका हुन्।

दश वर्षअघि शरद्सिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी (रामसपा) बाट राजनीतिमा उनी सक्रिय भएका हुन्।

रामसपाका सप्तरी उपाध्यक्ष र अध्यक्षहुँदै बि.स. २०७४ सालमा तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा) बाट उम्मेदबार भई सिंह तिलाठी कोईलाडी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएका थिए। उनी बिस. २०७९ सालमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट सोही गाउँपालिकाको अध्यक्ष पदमा पुनः चुनाव लड्दा पराजित भएपछि जनमत पार्टीमा प्रवेश गरेर सोही वर्ष प्रदेशसभा सदस्यमा निर्वाचित भई अहिले मधेश प्रदेशका मुख्यमन्त्री बन्न सफल भए।


डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।

डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢भू-क्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई एवं शुभकामना




सप्तरी क्षेत्र नं. ४ को (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित **गोबिन्द बहादुर न्यौपाने** मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री तथा सप्तरी क्षेत्र नं. १ को (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित **राजकुमार लेखी** शिक्षा तथा संस्कृती मन्त्रीमा नियुक्त हुनुभएकोमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**अनिल कुमार अनल**
**सम्पादक**
नवीन साप्ताहिक परिवार

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*